नेपाल ख्रीष्टियन हेराल्ड
NEPAL CHRISTIAN HERALD



राष्ट्र, राष्ट्रियता, आत्मिक जागृतिमा समर्पित इसाई क्षेत्रको सच्चा पहरेदार

Volume 24 No 12 Monthly International Edition of Herald of His Coming December 2023

वर्ष २४, अङ्क १२ हेराल्ड अफ हिज कमिङको अन्तर्राष्ट्रिय सम्पादन (पुस, २०८०)

येशूलाई हेर्दै
(Looking Unto Jesus)

J.C. Ryle (1816–1900)

ख्रीष्टियन जीवनको वलियो आधार भनेको दैनिक रूपमा ख्रीष्टलाई हेरिरहनु हो । (हिब्रू १२ : २) प्रेरितहरूको गौरवशाली संगत, शहीदहरू मध्ये एक महानु सेना, सन्तहरू मध्ये एक, धेरै यस्ता व्यक्तिहरूले मानव जातिमा आफ्नो छाप छोडेका छन्, संसारलाई उथल-पुथल पारेका छन् । हरेक ख्रीष्टका चेलाहरूमा एउटै साझा छाप लगाइएको थियो । तिनीहरू"येशूलाई हेर्दै" बाँचेका थिए ।

"येशूलाई हेर्दै" भन्ने वाक्याङ्स अंग्रेजी भाषामा हेर्दै लाई ग्रीक भाषाको शब्द 'हेर्नु' हुन्छ । जुन नयाँ करारमा मात्र पाइन्छ । 'हेर्नु' को टाढाको चिजलाई टक लगाउनु स्थिर, अभिप्राय सहित नियाल्नु भन्ने लाग्दछ । हामीले पनि यो पाठमा एकदमै नियाल्नु भन्ने अर्थ लाग्दैछ । हामीले पनि यो पाठमा एकदमै टक लगाएर हेर्ने ईश्वर शास्त्रीय सिद्धान्त विचार अवलोकन मात्र गर्नु भन्ने मात्र होइन । यो त जीवित व्यक्तित्व, हाम्रा उद्धारक र त्यो व्यक्ति हाम्रा प्रभु, येशू, परमेश्वर पिताका एकमात्र पुत्र हुनुहुन्छ ।

विश्वासीहरूको पहिलो र भरोसा योग्य प्रेम गर्ने व्यक्ति हुनुहुन्छ उहाँ, ख्रीष्ट बाहेक कोहि पनि थिएन ? उहाँका चेलाहरूले मक्तिदाता, स्वर्गिय प्रतिज्ञाका पुत्र, मानवजातिको निम्ति जन्मनु भएको, क्रुसमा चड्नु भएको परमेश्वरका पुत्रलाई पाएका थिए जसमाथि चेलाहरूले पूर्ण विश्वास गर्दथे र उहाँको नाउँको खातिर मर्न पनि तयार रहे आजको मण्डलीले पनि यसरी नै ख्रीष्टलाई चिनेको भए कति उत्तम हुने थियो होला ।

"येशूलाई हेर्दै" भन्ने एउटा सरल वाक्याङ्स छ नि यसको खास अर्थ के होला ?

उहाँको मृत्युलाई नियाल्नु : यदि हामीले ख्रीष्टलाई हेर्ने हो भने हाम्रो दैनिक जीवनमा उहाँ झुण्डिनु भएको क्रुसलाई विचार गरेर नियाल्नु पर्ने हुन्छ । ख्रीष्टको क्रुसमा भएको वलिदानले सम्पूर्ण मानव जातिको पापको प्रायश्चित गर्दछ । त्यो दुखले संसारलाई शान्तिमा लगेको छ । त्यो शान्तिको एक सानो अंश हरेक विश्वासीले प्राप्त गर्नुपर्दछ त्यो कसरी सम्भव छ ? र उत्तर स्पष्ट छ यो त क्रुसलाई हेरेर मात्र सम्भव छ । हामीले उहाँलाई हाम्रो विकल्प र उद्धारकर्ताको रूपमा हेर्नुपर्छ । जसले सारा संसारको पापलाई वोकेर लैजानु भयो र सयौ पापहरू त्यही फ्याँकिदिनु भएको छ ।

त्यो क्षणलाई हामीले दैनिक रूपमा हेरिरहनु पर्दछ । जुन दिन तपाईंले विश्वास गर्नु भयो ति त्यो दिन तपाईंले पक्कै पनि क्रुसलाई हेर्नुभयो होला, यसरी हेर्ने तरिका दैनिक रूपमा विकास हुँदै जानुपर्दछ । हाम्रो अधर्महरू दिनदिनै उहाँ कहाँ ल्याउनु

पर्दछ जस्तो लेखिएको छ "परमप्रभुले हामी सबैको अधर्म उहाँमाथि राखिदिनुभयो छ"(यशैया ५३:६) हामी शाहस सित अगि बढौं, येशूलाई हेरिरहुँ र भनौं "प्रभु मैले पाप गरेको छु, तपाईंले मेरो सट्टामा दुःख भोग्नुभयो ! म तपाईंलाई पूर्ण रूपले स्वीकार गर्दछु र मेरो आत्मामा आराम गर्दछु । त्यो आराम तपाईंबाट मात्र आउँछ ।

उहाँको मध्यस्थतालाई हेर्नु : येशू परमेश्वर र मानिसको बिचमा मध्यस्थ हुनुहुन्छ । उहाँको सेवकाइलाई मध्यस्थताको सेवाकार्य भनिन्छ । अहिले उहाँले हाम्रो तर्फबाट पितासँग पनि प्रार्थना गरिरहनु भएको छ । उहाँको जीवनलाई दिनहुँ हेर्नु पर्दछ । यदि हामी साँचो विश्वासी हेरौं भने, हामीलाई हरेक दिन शर्वशक्तिमानको सहायता चाहिन्छ भनेर हामीले महसुस गर्नु पर्दछ । जीवन साँघुरो वाटोवाट सुरु गर्दा पनि क्षमा, अनुग्रह, विश्वासको सँधै आवश्यकता पर्दछ । हामीले खीष्टलाई हेर्न विर्सेर स्वर्ग जान सक्दै सक्दैनौं । खीष्टलाई हेर्नू भन्दा हामीलाई आलस्य पनि लाग्न सक्दछ तर हरेक बिहान हामीले मध्यस्थताको रूपमा खीष्टलाई पछ्याउनु पर्दछ । यसको अवरोधमा दुष्ट यति चलाख छ कि उसले हामीलाई खीट हेर्न रोक्न खोज्दछ । हाम्रो मन पनि मिश्रदेश मन पराउने हुन सक्छ । त्यसो गर्नु हुँदैन हामी पछाडि फर्कनु हुँदैन । हाम्रो पछाडि फर्केर हेर्न स्वभावको एउटा मात्र उपचार भनेको परमेश्वरको वचनमा भनेजस्तै खीष्ट तिर आँखा लगाउनु नै हो यसको अर्को कुनै उपचार छैन । आज पनि खीष्ट हाम्रो लागि पिताको दाहिने हात तिर हाम्रो लागि मध्यस्थको प्रार्थना गरेर वसिरहनु भएको छ भन्ने विर्सन हुँदैन । हामीले आफूलाई आफ्ना कमजोरिहरूवाट टाढा र स्वर्गमा खीष्टलाई माथितिर हेर्न प्रयास गर्नु पर्दछ । दिनदिनै येशू हाम्रो निम्ति मर्नु भयो र हाम्रो निम्ति जी उठ्नु भयो अहिले उहाँ पिता सँग हुनुहुन्छ र हामी एक दिन उहाँलाई आमने सामने भेट्नेछौ ।

पावलले भनेको यो खण्डलाई विचार गरौं "किनकि हामी शत्रु छँदै उहाँका पुत्रको मृत्युद्वारा परमेश्वर सँग हाम्रो मिलाप भएको थियो भने, झन् बढी अव उहाँसँग मिलाप भएका हुनाले खीष्टको जीवनद्वारा हामी वचाइने छौं ।"(रोमी ५:१०) फेरि, उहाँले त्यो आत्माविश्वासपूणै चुनौती दिँदा उहाँको अर्थ यही हो "निन्दा गर्ने को हो ?" उहाँ खीष्ट हुनुहुन्छ जो क्रुसमा मर्नुभयो, जीवित हुनुभयो । " दण्डको आज्ञा दिने को हो ? भने त खीष्ट येशू हुनुहुन्छ जो मरेकाबाट जीवित पारिनुभयो, र परमेश्वरको दाहिने वाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ ।"(रोमी ८: ३४) हिब्रूहरूलाई भन्दा खेरि उहाँको अभिप्राय के थियो होला ?"फलस्वरूप उहाँद्वारा परमेश्वरको नजिक आउनेहरूलाई उहाँले सदैव उद्धार गर्न सक्नुहुन्छ । कनिभने तिमीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढाउन उहाँ सदैव जीवित हुनुहुन्छ ।" (हिब्रू ७ : २५) परमेश्वर पिता सँग एकजना मध्यस्थकर्ता हुनुहुन्छ जो कहिल्यै निदाउनु हुन्न, जसको नजर सधैं हामीप्रति छ, निरन्तर हाम्रो निम्ति निवेदन गरिरहनु भएको छ र हाम्रो लागि आवश्यक पर्ने आत्मिक खुराकको आपूर्ति गरिरहनु भएको छ, जससँग सान्त्वनाको खानी छ उहाँ हाम्रा प्रभु खीष्ट येशू हुनुहुन्छ । उहाँ हामी सबैको माथि हुनुहुन्छ, उहाँले हामीलाई कहिल्यै विर्सनु हुने छैन, हाम्रो दैनिक क्रियाकलापले गर्दा हामीले उहाँलाई विर्सिए पनि उहाँले हामीलाई कहिल्यै बिर्सनु हुन्न । हामी पुरानो करारको एउटा घटनालाई हेरौं- हामी अमालेकीहरू सँग तलको उपत्यकामा लडाइ गरिरहँदा मोरा भन्दा महान परमेश्वरले स्वर्गबाट हेरिरहनुभएको थियो र उहाँले हात समाति रहनुभएकाले तिनीहरूले विजय हासिल गरे । यो घटनामा जस्तै हामी पनि उहाँको मध्यस्थताको कारणले गर्दा विजयी हुनेछौं ।

उहाँको उदाहरणलाई हेर्नु : तेश्रो स्थानमा, यदि हामीले येशूलाई ठिक प्रकारले हेर्ने हो र हाम्रो दैनिक जीवनमा उहाँको उदाहरणको स्तरलाई हेर्नु पर्दछ । हाम्रा प्रभुले भन्नु भएको अर्थ यहि हुनुपर्दछ । "किनकि मैले तिमीहरूलाई एउटा उदाहरण दिएको

छु, र जसो मैले तिमीहरूका निम्ति गरे, तिमीहरूले पनि त्यसै गर ।" (यूहन्ना १३:१५) यस्तै पावलले पनि कोरिन्थीहरूलाई यसरी लेख्दछन् "मेरो अनुकरण गर्ने होओ, जसरी म ख्रीष्टको अनुकरण गर्दछु ।" (१ कोरिन्थी ११:१) यस्तै यूहन्नाले भनेको अर्थ पनि यस्तै हो "उहाँमा रहन्छु भन्ने व्यक्ति आफै पनि उहाँको चालचलन अनुसार चल्नु पर्दछ ।" (१ यूहन्ना २: ६) ।

हामीले धेरै पटक पूर्व निर्धारित भएको भन्ने शब्द प्रयोग गर्दछौं यसको अन्त चाहिँ, उहाँको पुत्रको स्वरूप अनुसार हुनु हो । (रोमी ८:२९) । हामी विश्वासीहरूको नासरथको सिकर्मिको घर देखी कल्वरीको डाँडासम्म के के भयो विचार गरौं र त्यहि मार्ग पछ्याऔं । हिजो, आज, भोली उहाँ उस्तै हुनुहुन्छ- सधै पवित्र, हानि रहित, वोली र कर्ममा सधै सिद्ध ।

उहाँको चरित्रमा देखिने कस्तो अद्भुत शक्तिको संयोग छ यो कुरा विचार गर्नुहोस् । कपटरहित आत्मा-धार्मिकताको विरोध गर्नमा साहसी, स्पष्ट र पापीहरूको तर्फबाट बोल्ने, कोमल र दयालु उहाँमात्र हुनुहुन्छ । उहाँ महासभाको अगाडि गहिरो बसह गर्नमा वुद्धिमानी, सरल, कस्तो एउटा वच्चाले पनि बुझ्न सक्ने गरी, सिकाउनमा सिपालु-साधारण मानिसले पनि बुझ्न सक्ने कस्तो अद्रभुत बुद्धि उहाँसँग थियो । उहाँ कमजोर चेलाहरू प्रति धैर्यवान, रिस गर्नमा धिमा, अति नम्र, उहाँका वरिपरिका मानिसहरूसँग उहाँको व्यवहारलाई हेर्नुहोस् त उहाँकस्तो हुनुहुन्थ्यो। उहाँले सहानुभुती देखाउनु भयो, अरुलाई स्विकार गर्ने, प्रार्थना गर्ने, प्रेम र करुणाले भरिएको, पूर्ण तया निस्वार्थी, आफ्नो पिताको महान् कार्य सधैं तल्लीन, सधै असल काममा लाग्ने, निरन्तर अरुको सेवा गर्ने, अरुले उहाँको सेवा गरुन् भन्ने आशा कहिल्यै नराख्ने । नासरथका येशू जस्तो यस पृथ्वीमा कोही मानिस छ होला कि ?

हाम्रो दैनिक जीवनमा ख्रीष्टलाई हेर्ने स्वभाव वसालौं । हाम्रो दैनिक व्यवहारमा येशूको आवाज र स्वभावलाई हाम्रो नमुना र मानक वनाउन प्रयास गरौं र त्यसरि नै प्रार्थना गरौं ।

दोश्रो आगमनलाई हेरौं : चौथो कुरा, यदि हामीले येशूलाई सही रूपमा हेर्‌यौ भन्ने हामीले उहाँको दोस्रो आगमनलाई आशा र सान्त्वनाको साँचो मुहानको रूपमा लिनु पर्दछ । येशूका चेलाहरू र अरु विश्वासीहरूले उहाँको दोश्रो आगमनको विषयमा सोच्दथे र पर्खिरहेका थिए भन्ने कुरा उनिहरूको जीवनबाट तथ्य प्रमाणित हुन्छ । तपाइंले पावलका पत्रहरूलाई पढ्नु भयो भने तिनीहरूको एकमात्र आशा येशू तिनीहरूको विचमा फेरि आउनु हुन्छ भन्ने नै थियो । तिनीहरूको सान्त्वनाको श्रोत उहाँको दोश्रो आगमन थियो । तिनीहरू पुरानो प्रतिज्ञामा अडिक थिए । "तिनीहरूले भने, "गालीलका मानिस हो,तिमीहरू किन आकाश तिर हेर्दै उभिरहेका छौ ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनु भयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनु हुनेछ ।" (प्रेरित १:११) तिनीहरूले रोमी सम्राट र अरु मानिसहरूलाई तिनीहरूका राजा चाँडै आउनुहुन्छ भनी आशामा रहेर वस्न सान्त्वना र उत्साह दिए । सताउने र दमन गर्नेहरू नस्ट हुनेछन् र भेडाको महान गोठालो आफ्नो दोश्रो आगमनमा सबै जनालाई फेरि जम्मा गर्नु हुनेछ । ".....स्वर्गबाट उहाँको पुत्रको लागि पर्खनुहोस् ।" "अझै थोरै समयको लागि, र जो आउनुहुनेछ उहाँ आउनुहुनेछ ढिला गर्नु हुने छैन ।""परमेश्वरको आगमनमा धैर्य गर ...।" (फिलिस्पी ३: २०, १ थेसलोनिकी १:१०, हिब्रू १०:३७ याकूव १: ५) अब, म दृढतापूर्वक विश्वास गर्दछु कि यो दोश्रो आगमनको प्रतिज्ञा संसारका हरेक युगदेखि युग सम्मका मण्डलीको आशा थियो । यो महान घटनाबाट प्राचिनमण्डली जस्तै वर्तमान र भविष्यको मण्डलीले महान आशा र सान्त्वना प्राप्त गर्नुपर्दछ । म यो शंका गर्दछु वर्तमान युग जस्तै इतिहासमा अर्को कुनै युगनै थियो कि थिएन । संसारभरी सार्वजनिक मामिलामा विदेश विभाग हेर्ने र यो पुरानो दिवालिय संसारलाई हरेक चिजको नयाँक्रम चाहिन्छ भन्ने धारणाबाट जोगिन कसले रोक्न सक्दछ ?

धारणाबाट जोगिन कसले रोक्न सक्दछ : मानव समाजको पर्खालबाट सिमेन्ट खसेको देख्न सकिन्छ । चारैतिर हामीले अराजकता, अराजकता, अराजकता, ईर्ष्या, इर्ष्या, अविश्वास, शंका, असन्तुष्टि, सबै किसिमका दुष्टताको निरन्तरता युद्ध, अनिकाल, महामारी, अनैतिकता, चर्चहरूको तुलनात्मक मृत्यु र विश्वव्यापी संकटको वारेमा हामीले सुनेका छौं । अहिले राष्ट्रहरू अन्योलमा परेका छन् ।

र जसले फेरि, आफ्नो निजी घेराको वरिपरि हेर्न सक्छ, चाहे ठुलो होस् वा सानो र धेरै पिडादायी र कष्टप्रद चीजहरू देख्न असफल हुन्छ । त्यो विचारशिल विश्वासी कहाँ छ जसले प्रायः राम्रो अवस्थाको लागि सास फेर्दछ र आफैंलाई सोच्छ, कहिलेसम्म हे प्रभु, विश्वासयोग्य र सत्य, हामी कहिलेसम्म रुदै र काम गर्दै, घाउहरू बाँधेर र तितो कचौरा पिएर, शिक्षा दिने र विदाई गर्ने गाड्ने र सोक गर्ने? यी चिजहरूको अन्त कहिले हुन्छ ? प्रभु !

म विश्वास गर्दछु कि, यी सबै समस्याहरूको धर्मशास्त्रिय उत्तर भनेको हाम्रो आँखा ख्रीष्टको दोस्रो आगमनतिर हेर्नु भन्दा अर्को कुनै उपाय छैन । हामी स्थिर बसौं र म फेरि भन्दछु "हामीले येशूलाई पर्खनुपर्दछ" संसारको साँचो राजा छिट्टै फर्कदै हुनुहुन्छ भन्ने तथ्यलाई हामीले बुझ्नुपर्दछ । उहाँले आफ्नो आगमनका हाम्रो पुरानो हडपकर्ता दुष्टलाई हटाउनु हुनेछ, र पृथ्वीबाट पापपूर्ण रूपले हटि जानेछ । मृतकहरूको पुनउत्थान र सन्तहरूको भेला, सबै चिजको पुनस्थापना हुनेछ । सोक र पापको अन्त्य हुनेछ, तथा राज्यको स्थापना हुनेछ, भनी आशामा दैनिक रूपमै वस्ने वानि वसालौं । यो एकदिन पक्क हुनेछ । हाम्रा आँखाहरू ख्रीष्टको दोश्रो आगमनको आशा तर्फ केन्द्रित गरौं । विहानको प्रतिज्ञा गर्दै आशामा रात काट्नेहरू पिताले तोक्नुभएको समयमा धार्मिकताको सूर्य अवश्य उदाउने छ । हामी त्यही आशाका साथ उठौं ।

हाम्रो पाठको मुख्य वाक्याङ्स "येशूलाई हेर्दै" यसलाई विचार गरौं त, येशू भन्दै हुनुहुन्थ्यो, येशूले मध्यस्थता गर्दै हुनुहुन्छ, येशू हाम्रो लागि एक असल उदाहरण वन्दै हुनुहुन्छ, येशू फेरि हामीलाई लिन आउँदै हुनुहुन्छ, हाम्रो लागि कति ठूलो आशा । यी कुराहरू प्राप्त गर्नको लागि यदि तपाईं दौडदै हुनुहुन्छ भने धैर्यताका साथ गन्तव्यलाई नियाल्दै आफ्नो नजर उहाँतिर राख्नुहोस् ।

आउनुहोस्, हामी प्रतिज्ञा गरौं, आउने समयको लागि हामी हाम्रो दौड दौडने, राम्रो लडाई लड्ने आफ्नो स्थान भने, हाम्रो पुस्तालाई "येशूलाई हेरिरहेका" मानिसहरू जस्तै सेवा गर्ने प्रयास गरौं । त्यसैले हामी बाँच्दा हेर्दै-हामी मर्दा आमनेसामने देख्नेछौं । र त्यसपछि, जब अन्तिम ठूलो जमघट हुन्छ, हामी आनन्दित रूपमा दृश्यको लागि विश्वासको आदन प्रदान गर्नेछौं । हामीले स्पष्टै देख्नेछौं र एउटाले अर्कोलाई स्पष्टै चिन्ने छौ ।

(साभार गरिएको)

प्रार्थना गरौं

- राष्ट्रिय ख्रीष्टियन महासंघ सबै ख्रीष्टियनको हक-हितको लागि लगातार काममा लाग्न सकोस् ।
- देशभरिका ख्रीष्टियनहरूका बीचमा एकता आइरहोस् ।
- अन्याय, अपराध, अपहरण, हत्या, चोरी, डकैती, व्यभिचारजस्ता सामाजिक अपराधहरू रोकिन सकोस् ।
- प्रवासी नेपालीहरूको बीचमा सुसमाचार कार्य र मण्डली वृद्धि हुन सकोस् ।
- अन्धकारको शक्ति र तिनका दुष्टकार्य, योजनाहरू, किल्लाहरू आदिको विरुद्धमा प्रार्थना गर्ने । (एफिसी ६ : १२)

ख्रीष्टको सर्वोच्चतामा हाम्रो स्थान
(Our Place in Christ's Supermacy)

T. Austin Sparks (1889–1971)

"जसले हामीलाई अन्धकारको शक्तिबाट छुटकारा दिनुभएको छ, र उहाँको प्यारो पुत्रको राज्य हामीलाई सार्नु भएको छ।"(कलस्सी १: १३)

उहाँको सर्वोच्चतामा रहेर हामीले सम्पूर्ण दुष्टका अग्निवाणहरूलाई उहाँकै पूर्णतामा लैजान सक्नुपर्दछ। पापीहरूले यो कुरा बुझ्न एकदमै महत्वपूर्ण हुन्छ कि यो उहाँले हाम्रा पापहरूलाई क्षमा गर्न विषय भन्दा उहाँ अझै माथी र सर्वोच्च अधिकारमा हुनुहुन्छ। पापीले यो पनि बुझ्नुपर्छ उहाँको सर्वोच्चताले सम्पूर्ण दुस्टका अधिकारहरू पकडहरूलाई माथ गर्दछ। दुस्टका पर्खालहरू भत्किएका छन्, किनभने उहाँ शक्तिशाली परमेश्वर हुनुहुन्छ। ख्रीष्टले आफु क्रुसमा झुण्डिएर सम्पूर्ण मानव जातिलाई पाप क्षमाको माध्यम बन्नु भएको छ। यसको मतलव अब दुस्टसँग हाम्रो विरुद्धमा उठाउने कुनै हतियार नै छैनन्। साथै हामी माथि उहाँको शक्ति उहाँकै अधिकारमा निर्भर गर्दछ। उहाँको अधिकार हाम्रो हृदयको भित्रपट्टि लुकिएको हुन्छ। कसैले दुष्टका सबै हतियारलाई नष्ट पार्दछ र उसका सबै अधिकारहरूलाई जमिनमा सुताईदिन्छ त्यसरी उसको शक्ति तोडिन्छ।

ख्रीष्टले आफ्नो सर्वोच्चताको शक्ति आफ्ना शत्रुहरू माथि सधै प्रदर्शन गर्नुहुन्छ। उहाँको शत्रुले उहाँको नजिक वस्ने वा उहाँका मानिसहरूलाई दासत्व वनाउने कुनै अधिकार पाएका छैनन्। ख्रीष्टमा त्यस्तो कुनै जमिन छैन जहाँ दुष्ट वस्न पाओस्। ख्रीष्ट हामीमा वास गर्नुभएको कारणले दुष्टले हामीमाथि अधिकार जमाउन सक्दैन। अब ख्रीष्टको शक्तिले दुष्टका सबै अधिकारहरू ध्वस्त भएको हामीले पनि अनुभव गर्न सक्छौं किनभने ख्रीष्ट हामीमा हुनुहुन्छ। यहाँ कुरा स्पष्ट के छ भने ख्रीष्ट हामीसँग भएको कारणले दुष्टले हामीमा कुनै अधिकार जमाउन सक्दैन। त्यसको कुनै आधार नै छैन।

हामीले पापबाट छुटकरा पाउनु मात्र ठुलो कुरा होइन, दुष्टको अख्तियारबाट छुटकारा पाउनु ठूलो कुरा हो। परमेश्वरको वचनले यसरी भनेको छ -

"परमेश्वरका चुनिएकाहरूका विरुद्धमा कसले अभियोग लगाउने ? धर्मी ठहराउने परमेश्वर नै हुनुहुन्छ भने, दण्डको आज्ञा दिनेको हो ? मर्ने त ख्रीष्ट येशू हुनुहुन्छ, जो परमेश्वरबाट जीवित पारिनु भयो र परमेश्वरको दाहिने बाहुलीतर्फ हुनुहुन्छ, र हाम्रा निम्ति मध्यस्थ पनि गर्नुहुन्छ।" (रोमी ८ : ३३ - ३८)

यो पदको खास अर्थ के हो ? आरोप लगाउने व्यक्ति आएर हामी माथी आरोप लगाउन खोजिरहन्छ। यो अवस्थामा हाम्रो जवाफको आधार के होला ? हाम्रो जवाफको आधार ख्रीष्ट हुनुहुन्छ जो मर्नुभयो, र फेरी जी उठ्नु भयो। दुष्टले हामीलाई दिएको आरोपको जवाफ ख्रीष्टले स्पष्टै दिनुहुन्छ। जसले पाप र दुष्टका सबै अख्तियारको सबै आधारहरूमाथि विजय हासिल गर्नु भएको छ।

हामी आफैले दुष्टलाई कहिल्यै पनि भेट्न सक्दैनौ। उसले आफ्ना तर्कहरूले हामीलाई अलमल्याउन खोजिरहन्छ। यदी हामीले दुष्टका साथै युक्तिहरूलाई ख्रीष्टकहाँ प्रस्तुत गर्न सक्षम भयौं भने उसले हामीलाई के गर्न सक्छ र ? परमेश्वरको वचनले भन्दछ "म तिमीहरूसँग अब धेरै वोल्ने छैन, किनभने यस संसारको शासक आइरहेछ। त्यसको म माथि केही सकिदैन।" (यूहन्ना १४:३०) यो वचन ख्रीष्ट स्वयंले वोल्नु भएको हो। दुष्टसँग कस्तो शक्ति होला जे जस्तो भए तापनि ख्रीष्टको पुरुत्थानको शक्तिमा दुष्टका सबै शक्तिहरू नष्ट भएका छन्। यी पदलाई विचार गरौं त " परमेश्वरका चुनिएकाहरूका विरुद्धमा कसले अभियोग लगाउने ? धर्मी ठहऱ्याउने त परमेश्वर नै हुनुहुन्छ।" (रोमी ८ :

३३) "उहाँ सबै कुरा भन्दा अगाडि हुनुहुन्छ र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन् । (कलस्सी १:१७) यो परमेश्वर स्वयंले वनाउनु भएको एउटा प्रावधान हो । र यदि हामीसँग ख्रीष्टको पूर्ण अंसको वारेमा कुनै संका छ भने हामीले त्यो विजयको वाटो खोज्नुपर्दछ ।

के पवित्र आत्माले ख्रीष्टको विजयबाट हामीमा पनि विजय हुने आत्मा दिनुभएको छ ? आफै असल बन्ने प्रयास गर्न स्वाभाविक होला तर पवित्र आत्माले मात्र हामीलाई पूर्णताको बाटो तिर डोऱ्याउनु हुन्छ, पवित्र आत्माले हामीलाई अझै असल हुन मात्र होइन् उहाँले हामीलाई पवित्र बन्न, सहायता गर्नु हुनेछ । एकपटक विचार गर्नुहोस् त त्यो कुन कुरा होला जसलाई पवित्र आत्माले सहायता गर्नुहुन्न ? र त्यो कुन कुरा होला जसलाई पवित्र आत्माले सहयोग गर्नुहुन्छ । हो, तपाईले ठिकै सोच्नु भयो यो कुरा त हाम्रो विश्वासमा आधारित हुन्छ । ख्रीष्ट हाम्रो जीवनको सिद्ध परमेश्वर हुनुहुन्छ किनभने उहाँ मुक्तिदाता हुनुहुन्छ ।

अहो ! तपाईले भन्नु पनि होला हो, हामी पापी छौं र हामीले धेरै नै गलत कार्यहरू गरिरहेका छौं । के हामीले यो समयमा त्यत्तिकै आँखा वन्द गरेर यो कुरा भन्न सक्छौं ?

तपाईले ख्रीष्टमा आफ्नो आँखा खोल्नु पर्दछ । आफूलाई र आफूले गरेका सम्पूर्ण पापहरूलाई घरिघरि नसम्झनु होस् । अब ती पापहरू प्रति तपाईले आँखा बन्द गर्नुहोस् । तपाईले आफ्ना आँखाहरू ख्रीष्ट तर्फमात्र लगाउनुहोस्, किनभने उहाँमा मात्र हाम्रो जीवनमा उत्तरहरू छन् । परमेश्वरलाई हेर्नुहोस् र तपाई एकाग्र हुनुहोस् । जब तपाईले उहाँलाई साँचो रूपमा स्विकार गर्नुहुन्छ "हे प्रभू म के गरु भन्ने होइन् यसको बदलामा तपाईको हुनुहुन्छ र तपाईले मेरो जीवनमा के गर्न चाहनुहुन्छ" भन्न सिक्नु पर्दछ । रोमीको पुस्तकलाई हेरौं त यहाँ के भनिएको छ । "किनकि मलाई थाहा छ, कि ममा, अर्थात् मेरो पापमय स्वभावमा केही असल कुराले वास गर्दैन । जे असल छ, त्यो गर्ने इच्छा ममा छ तर म त्यो पूरा गर्न सक्दिन ।" (रोमी ७:१८) तर प्रभु तपाईं मेरो मुक्ति हुनुहुन्छ । तपाईं मेरो धार्मिकता हुनुहुन्छ, तपाई मेरो पवित्रता हुनुहुन्छ यसो भन्नुपर्दछ -" परमेश्वर नै ख्रीष्ट येशूमा तिमीहरूको जीवनको स्रोत हुनुहुन्छ, ख्रीष्टलाई नै उहाँले हाम्रा वुद्धि, हाम्रा धार्मिकता र पवित्रता र हाम्रा उद्धार वनाउनुभयो ।" (१ कोरिन्थी १:३०)

जब हामी परमेश्वरको वचनमा अडान लिन्छौं पवित्र आत्माले हामीलाई असल बनाउँदै लैजानुहुन्छ । यो ख्रीष्टको प्रशंसा र विनियोग हो जनु पवित्र आत्माको अतिविधिको आधार हो, त्यो मुक्तिको वाटो हो ।

पापीको लागि ख्रीष्टको बाटो

एक जना अतिनै दुखित मानिसको रोदनलाई विचार गरौं त उनि भन्दछन् "म के गर्दछु, त्यो बुझ्दिनँ । किनकि म जे चाहान्छु त्यो गर्दिनँ । तर त्यही गर्दछु जो म घृणा गर्दछु ।" (रोमी ७:१५) यो यस्तो मानिसको रोदन हो, जो जीवनमा धेरै पटक असफल भयो र आखिरीमा अरू उपाय नदेखेर ऊ रुन्छ र भन्छ "हाय, म कस्तो दुःखी मानिस यस मृत्युको शरीरबाट मलाई कसले छुटाउला ? येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा नै परमेश्वरलाई धन्यवाद होस् । त्यसैले म स्वयम् आफ्नो मनले त परमेश्वरका व्यवस्थाको सेवा गर्दछु, तर मेरो पापमय स्वभावद्वारा चाहिँ म पापका व्यवस्थाको सेवा गर्दछु ।" (रोमी ७:२४ - २५) अभागी मानिसको लागि मार्ग कुन होला जसबाट उसले ख्रीष्टलाई पक्रन सकोस् । त्यो त मानिसको आफ्नै संघर्षवाट होइन, उसको संकल्प, उसको प्रयास, जस्ता कुराले हामी पापको वन्धनबाट बाहिर आउन सक्दैनौं । अब मानिस आफ्ना पापहरूबाट पश्चाताप गर्दै फर्केर ख्रीष्टको क्रुसतिर हेनुपर्दछ । पश्चाताप मात्र ख्रीष्टको मार्ग हो, अरु कुराहरू त ख्रीष्टभन्दा बाहिरका मार्गहरू छन् ।

तपाईले पनि अब यसरी प्रयास गर्नुहोस कि जसरी परमेश्वरले आफ्नो पुत्रलाई सम्मान गर्नुहुन्छ र पुत्रले पनि परमेश्वरलाई त्यसरी नै हामीले परमेश्वरको सर्वोच्चतालाई स्विकार गर्नुपर्दछ ।

From the centrality and Supremacy The Lord Jesus Christ by - T Austin - Sparks.

अन्तर्राष्ट्रिय प्रार्थनाका विषयहरू

- इराकमा परमेश्वरको काम अझै प्रभावशाली हुन सकोस् र त्यहाँको साङ्ले प्रार्थनाले निरन्तरता दिन सकोस् भनी प्रार्थना गरौँ ।
- युरोपमा फेरि हामीले प्रचारकहरू पठाउनुपर्ने चुनौती आएको छ । संसारका धेरै देशहरूले यो काम सुरु गरिसकेका छन् । आउनुहोस् हामी पनि सहभागी बनौँ ।
- प्यालेस्टाइनमा भएका यहुदीहरू र ख्रीष्टियनहरू एकतामा आउन सकुन् र साँचो परमेश्वरको सत्यतालाई बुझ्न सकुन् यही प्रार्थना गरौँ ।
- संयुक्त राष्ट्र संघका नेताहरूका लागि प्रार्थना गरौँ । जोहरूले संसारमा शान्ति स्थापना गर्न सकुन् ।
- युगाण्डामा शान्ति स्थापना हुन सकोस् साथै त्यहाँ परमेश्वरको महान् काम हुन सकोस् भनी प्रार्थना गरौँ ।
- संसारमा कति जातिहरू छन् जसको आफ्नो भाषामा बाइबल छैन । हामीमध्ये कति जनाको आफ्नै भाषामा बाइबल अनुवाद भएको छैन भने अब हामी प्रार्थना गर्न ढिला नगरौँ ।
- संसारभरि कति ठाउँहरूमा सुसमाचारको खातिर प्रचारकहरूले दुःख भोगिरहेका छन् तिनीहरूको बीचमा सेवकाई गर्ने व्यक्तिहरूको लागि प्रार्थना गरौँ ।

हार्दिक शुभकामना

हाम्रा मुक्तिदाता प्रभु येशू ख्रीष्टको शुभ जन्मोत्सव (ख्रीष्टमस) साथै नव वर्ष २०२४ को सुखद अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ, दिदीबहिनी तथा नेपालका सम्पूर्ण मण्डली परिवारमा उत्तरोत्तर प्रगति, सुख, शान्ति एवं सुस्वास्थ्यको शुभकामना व्यक्त गर्दै सबैमा शान्ति, प्रेम, विश्वास र एकता लागि परमेश्वरसँग प्रार्थना गर्दछौँ ।

नेपाल ख्रीष्टियन हेराल्ड परिवार

तथा

प्रेरणा मण्डली परिवार

ठमेल, काठमाडौँ

विशेष धन्यवाद

पा. माधव पौडेल, रुची पौडेल, प्रभात पौडेल, दीपक लामिछाने, चित्र सेन्चुरी, ललित तामाङ ।

स्थानीय वितरक

रमेश बिडारी, दक्षिण कोरिया, एस्तर कुमाल, टोकियो, जापान, इस्माइल लेप्चा, दार्जीलिङ, भारत, केदार तामाङ, मलेसिया, पावल राई, बहराइन, नेपाल ख्रीष्टियन हेराल्ड ।

BOOKPOST

पत्र पाउनेको ठेगाना (TO)

नाम (Name) :

ठेगाना (Address) :

हाम्रो ठेगाना (Our Address):

जी.पी.ओ. बक्स ८९७५, ई.पी.सी. : ५६००, काठमाडौँ, नेपाल

प्रकाशक : गोस्पल रिभाइभल आई.एन.सी.

सल्लाहकार : ऋच कारमाइकल

कम्प्युटर सेटिङ : एक्सट्रा प्रिन्ट आउट, डिल्लीबजार, ९८१८६०५६८२

सह-सम्पादक : श्रीमती शान्ति पौडेल

सम्पादक : नवराज पन्त

G.P.O. Box: 8975, EPC: 5600, Kathmandu, Nepal

E-mail: nepalherald@yahoo.com

Phone No:- 01- 4382442

Published by: Gospel Revival Inc. (all rights reserved)

Counselor: Rich Carmicheal

Computer Setting: Xtra Print Out, Dillibazar, # 9818605682

Co- Editor: Shanti Poudel

Editor: Nava Raj Panta